अन्तिम लेखापरीक्षण प्रतिवेदन

बारागुङ मुक्तिक्षेत्र गाउँपालिका, कागवेनी,
मुस्ताङ्ग

आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय
काठमाडौं

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९
च.नं.: २०८

मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
बारागुङ मुक्तिक्षेत्र गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
कागवेनी, मुस्ताङ्ग ।

विषयः- लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुयाउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८।७९
च.नं.: १८०

मितिः २०७८।५।४

श्री अध्यक्षज्यू,
बारागुङ मुक्तिक्षेत्र गाउँपालिका,
कागवेनी, मुस्ताङ्ग ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१ करोड ५९ लाख ५१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.७ लाख ०९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.८९ लाख ८३ हजार, नियमित गर्नुपर्ने रु.२९ लाख ५९ हजार र पेश्की बाँकी रु.३३ लाख रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।२।५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फर्स्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २५ (पच्चीस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरिक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(ईन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

बारागुङ मुक्तिक्षेत्र गाउँपालिका, कागवेनी, मुस्ताङ्ग
लेखापरीक्षण प्रतिवेदन
२०७६/७७

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ५ वडा, २९ सभा सदस्य, ८८५.७८९ वर्ग किलोमिटर क्षेत्रफल तथा २ हजार ३३० जनसंख्या रहेको छ ।

स्थानीय संचितकोषः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७६।०७७ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

सि.नं.	आय		सि.नं.	व्यय	
		रकम			रकम
१	**गतवर्षको जिम्मेवारी**		१	नेपाल सरकार र प्रदेश सरकार समानीकरण	
	क. नगद	०		क. कृषि समानीकरण	४८९५८२६.००
	ख. पेश्की	०		ख. पशु समानीकरण	११००७०२.००
	ग. वैंक मौज्दात	४२३११२२२.००		ग. गा.पा चालु	१७६४५८६१.००
	घ. धरौटी रु.	८७५१६.००		घ. स्वास्थ्य शाखा	२१०७९४९.००
१	**यस वर्षको राजश्व (आन्तरिक आय)**			ङ. पूंजीगत समानीकरण	३९२९७७१६.००
	क. आन्तरिक राजश्व	१७२३२९९.००		च. शिक्षा शाखा	४३४०१९५.००
	ख. संघिय राजश्व वांडफाड	२३७९८७९७.००		छ. आयुर्वेद शाखा	१९४६९०.००
	ग. प्रदेश राजश्व वांडफांड	१३२२०००.००		ज. महिला विकास	१४००७३.००
	ग. अन्य आय (आईटी तलव समेत)	२७९९३०.००	२	**संघीय सरकार सशर्त**	
२	**वित्तिय हस्तान्तरण**			क. शिक्षा सशर्त	४३३५१२५१.००
	क. वित्तिय समानीकरण अनुदान	६६३००००००.००		ख. स्वास्थ्य सशर्त	७२१२८०३.००
	ख. सशर्त अनुदान	७५३७१३३३.००		ग. पशु सशर्त	१०२१६११.००
	ग. स्थानीय विकास पूर्वाधार	८००००००.००		घ. नविकरणीय उर्जा	१२४२०९३.००
३	**प्रदेश सरकारवाट प्राप्त**			ङ. कृषि सशर्त	१०६१९२३.००
	क. वित्तिय समानीकरण अनुदान	११६६३०००.००		च. झोलुङ्गेपुल	३००००००.००
	ख. समपुरक अनुदान	५००००००.००		छ. आयुर्वेद शाखा	२५८८२२९.००
	ग. विशेष अनुदान	५००००००.००	३	प्रदेश शिक्षा विकास निर्देशनालय	३०००००.००
	घ. सामाजिक विकास मन्त्रालय महिला विकास	५००००.००	४	प्रदेश सरकार विशेष अनुदान	१६५०५१२.००
	ङ. शिक्षा विकास निर्देशनालय हिमाली आवास कार्यक्रम	६४००००.००	५	प्रकोप व्यवस्थापन खर्च	११२३९४८.००
४	राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभाग चालु र पूंजीगत	१०४१३१९.००	६	मूलकोषवाट प्रकोप व्यवस्थापनखातामा ट्रान्सफर	२५०००००.००
५	सामाजिक सुरक्षा	१३९९६४००.००	७	गत आ.व को वेरुजू दाखिला	१४०८२५३.००
६	प्रकोप व्यवस्थापन कोष	३४५४८६६.००	८	आइटी तलव भत्ता	६४१८७०.००
७	धरौटी	१७४२००.००	१०		

सि.नं.	आय		सि.नं.	व्यय	
		रकम			रकम
८	प्रदेश शिक्षा विकास निर्देशनालय	३०००००.००	११	राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभाग चालु र पूंजी	१०४१३१९.००
९	कन्टेन्जेन्सी आम्दानी	१४९९०००.००	१२	कन्टेन्जेन्सी प्राविधिक तलव भत्ता	४८०९३०.००
१०	धरौटी दाखिला बांकी	८२५२५.००	१३	सामाजिक सुरक्षा खर्च	१३९९६४००.००
११	स्वास्थ्य शाखाको वढी चेक काटेको	४००.००	१४	स्थानीय विकास पूर्वाधार साझेदारी कार्यक्रम खर्च	७८०४८४९.००
११	मालपोत मुस्ताङ्गवाट प्राप्त	४१०७३०.००	१५	स्थानीय विकास पूर्वाधार साझेदारी कार्यक्रम वाट प्रकोप कोषमा ट्रान्सफर	१९५१५१.००
			१६	प्रदेश सरकार समपूरक अनुदान खर्च	५००००००.००
			१७	सामाजिम विकास मन्त्रालय महिला विकास	५००००.००
			१८	वैंक कमिशन	१२००.००
			१९	धरौटी	११०५००.००
			२०	शिक्षा विकास निर्देशनालय हिमाली आवास	६४००००.००
			२१	**मौज्दात रकम स्रेस्ता अनुसार**	
				क. संचित कोष खाता	५०५६८९७२.००
				ख. चालु खर्च खाता	९६२११२८.००
				ग. पूंजीगत खर्च खाता	३३२७७७१९.००
				घ. धरौटी खाता	१५१२१६.००
				ङ. प्रकोप व्यवस्थापन कोष खाता	२३३०९१८.००
				च. विविध कोष खाता	४१०७३०.००
	जम्माः	२६२५०६५३७.००		जम्माः	२६२५०६५३७.००

लेखापरीक्षणबाट देखिएका व्यहोराहरुः

दफा	भौ.नं.मिति र व्यहोरा	बेरुजू रकम
१.	**वित्तीय विवरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् । गाउँपालिकाले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।	
	▪ गाउँपालिकाले तयार गरेको बैंक समायोजन हिसाब विवरण अनुसार वर्षान्तमा स्रेस्ता अनुसार मौज्दात रु.९६३८५०७१.०० रहेकोमा सो मितिमा वैंकमा रु.१०५३८८११५.०० मौज्दात देखिन्छ । वढी मौज्दात देखिएको रु.९००४१४९.०० चेक साट्न बांकी भनी उल्लेख भएतापनि सोको विस्तृत विवरण संलग्न गरेको छैन । साट्न बांकी चेक मध्ये श्रावण मसान्तसम्म पनि पूंजीगत तर्फ रु.८४५०००.०० चालुतर्फ रु.५५०००.००, धरौटी तर्फ रु.३५०००.०० र प्रकोप व्यवस्थापन तर्फ रु.७२२५.०० चेक साट्न बांकी रहेको देखिन्छ । जसबाट गाउँपालिकाको आषाढ मसान्तको बैंक मौज्दात र साट्न बांकी चेकको रकम समेत घटाउंदा स्रेस्ताको मौज्दात रु.९४२२२५.०० ले फरक देखिएको छ । ▪ पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीयतहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन। ▪ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । ▪ स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**जिम्मेवारी फरक परेकोः** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ। तर यस गाउँपालिकाको २०७५।७६ को लेखापरीक्षण अनुसार रु.४०८८९४६९.६६ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.४२३९८७३८.०० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१५०९२६८.३४ बढी जिम्मेवारी सरेको सम्बन्धमा गाउँपालिकाले वित्तिय विवरणमा खुलासा गरेको छैन ।	

३. **बैक हिसाब मिलान नगरेकोः** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राखुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्दछ ।

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
१	मूलकोष खाता	५०५६८९७२	५०५६८९७२	०
२	चालु खाता	९६४५५१६	१२३५९६४५	२७१४१२९
३	पूंजीगत खाता	३३२७७७१९	३९४३२५४७	६१५४८२८
४	धरौटी खाता	१५१२१६	१८६२१६	३५०००
५	प्रकोप व्यवस्थापन खाता	२३३०९१८	२४३०००५	९९०८७
६	विविध कोष खाता	४१०७३०	४१०७३०	०
	जम्मा	९६३८५०७१	१०५३८८११५	९००३०४४

४. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन।
- गाउँपालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु र पुजीगत खर्च खातामा रु.२०१०५९११.०० मौज्दात रहेको पाईयो । उक्त रकम २०७७।९।२७ मा रु.८६३४८४.००, २०७७।४।२ मा रु.१५८९०५१६.०० गरी जम्मा रु.१६७५४०००.०० संघिय संचित कोषमा रु.३३४९४८८.०० मिति २०७७।७।३ मा प्रदेश संचित कोषमा फिर्ता गरेको पाइयो । आर्थिक वर्षको अन्त्यमा बांकी रकम समयमै सम्बन्धित संचित कोषमा दाखिला हुनुपर्दछ ।
- गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

	▪ राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । ▪ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । ▪ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । ▪ गाउँपालिकाले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने योजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । ▪ दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । ▪ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा गाउँपालिकाले उक्त समिति गठन गरेको पाईएन । ▪ गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो। ▪ वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । ▪ जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । ▪ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा सार्वजनिक निकायले आन्तरिक राजश्व कार्यालयवाट स्थायी लेखानम्वर र मू.अ.करमा दर्ता भएका व्यक्ति वा फर्मवाट मात्र सामान खरिद गर्नुपर्ने र दुर्गम क्षेत्र भनी तोकिएको जिल्लामा आन्तरिक राजश्व कार्यालयवाट कुनै फर्म वा विक्रेताले मू.अ.कर दर्ता प्रमाणपत्र लिएको रहेनछ भने कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखको अध्यक्षतामा रहेको समितिले तयार पारेको जिल्लामा उपलव्ध आपूर्तीकर्ताको सूचिमा रहेका आपूर्तकवाट रु.१० लाख सम्मको खरिद गर्न सकिने व्यवस्था छ । तर उक्त समितिले यस प्रकारको आफुर्तको सूची तयार नगरेको अवस्थामा गाउँपालिकाले कतिपय फर्निचर, काठ लगायतका अन्य सामान तथा सेवा खरिद गरी भुक्तानी गर्दा मू.अ.करमा दर्ता नभएको फर्मवाट खरिद गरी भुक्तानी गर्ने गरेको पाइयो । अत नियमावलीमा भएको व्यवस्था अनुसारको सूचीकृत फर्म वा मू.अ.करमा दर्ता भएका व्यक्ति वा फर्मवाट कारोवार गर्नुपर्दछ ।	

	▪ उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउंदा प्राविधिक मूल्यांकन अनुसार भुक्तानी भएतापिन कतिपयमा कार्य सम्पन्न मिति पश्चातका डोर हाजिर र विल संलग्न गरेको पाइयो । ▪ कतिपय उपभोक्ता समितिलाइ भुक्तानी गर्दा सम्झौता अनुसार कन्टिजेन्सी रकम नकटाई भुक्तानी भएको देखियो । ▪ मुल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको छैन । साथै ETDS समेत गरेको छैन । ▪ कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । ▪ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। ▪ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। ▪ ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। ▪ स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । ▪ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । ▪ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका योजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । ▪ संस्था दर्ता ऐन, २०३४ दफा ३ गाउँपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । ▪ सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।	

	▪ वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । ▪ गाउँपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ १६ र प्रशासनिकतर्फ २२ समेत ३८ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः ९ र ९ समेत १८ पदपूर्ती भएकोले कार्यलय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो । ▪ सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । ▪ निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । ▪ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस गाउँपालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । ▪ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्नेमा यस गाउँपालिकाले हालसम्म ५ ऐन, ४ नियमावली, १० कार्यविधि १ निर्देशिका समेत २० कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनिय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
	<u>**योजना तर्जुमा, बजेट तथा कार्यक्रम**</u>	
५.	**बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री ढीकि गुरुङ्गले २०७६।३।१० गते रु.२० करोड ४६ लाख १८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।३।१२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
६.	**चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य, लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूंजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको	

गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सि.नं	कूल पूंजीगत खर्च	प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसो चौमासिक	आषाढ महिनाको
१	६१२२१	६१२२	१२२४४	४२८५५	२४४८८
	प्रतिशत	१०	२०	७०	४०

७. **बिनियोजन भन्दा वढी खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा कार्यपालिकाबाट स्वीकृत गराई असार १० भित्र सभामा पेश गर्नुपर्ने, आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ । तर गाउँपालिकाले देहाय अनुसारको शिर्षकमा विनियोजन गरेभन्दा रु.२७ लाख ४ हजार बढी खर्च गरेको अनियमित देखिएको रु. २७०४३४३.००

सि.नं	शीर्षक	विनियोजित रकम	खर्च भएको रकम	बढी खर्च भएको रकम
१	कृषि प्राविधिकको तलव	३७४०००.००	७००९९३.००	३२६९९३.००
२	कृषि प्राविधिकको तलव तथा पोशाक	१०७०००.००	३६०९३०.००	२५३९३०.००
३	माध्यामिक तहका कर्मचारीको तलव	३७६५०००.००	४०५५८५९.००	२९०८५९.००
४	पशु प्राविधिकको तलव भत्ता	५८७०००.००	८६९५६१.००	२८२५६१.००
५	यारतुङ्ग महोत्सव	२००००००.००	३५५००००.००	१५५००००.००
	जम्माः			२७०४३४३.००

निर्धारित बजेटको सिमा नाघि खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

८. **क्षेत्रगत बजेट र खर्चः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	२२५१५	१६१२२	११.६९
सामाजिक क्षेत्र	९२४५३	७०१४६	५०.८७
पूर्वाधार विकास क्षेत्र	६२१८०	२७७८२	२०.१५
वातावरण तथा विपद् व्यवस्थापन	२५००	१८४१	१.३३
संस्थागत विकास र सेवा प्रवाह	१५७०	३६५	०.२७
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	४५३५१	२१६४३	१५.६९
जम्मा	२२६५६९	१३७८९९	१००

गाउँपालिकाले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक तथा सामाजिक क्षेत्रमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गर्नुपर्दछ।

९. **कर्मचारी प्रोत्साहन भत्ताः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार परेको रु. २५५०००.००

कर्मचारीको नाम	विवरण	मासिक भत्ता	कूल भुक्तानी रकम
स.ले.पा वलेन्द्रराम हरिजन	मासिक भत्ता	१५०००.००	१११०००.००
असिष्टेण्ट सव ई मन ब. सार्कि	फिल्ड भत्ता	१००००.००	१२००००.००

का.स छिरिङ्ग घ्याल्पो गुरुङ्ग	अन्य भत्ता	३०००.००	२४०००.००
		जम्माः	२५५०००.००

१०. **न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २०७६।७७ मा चरिचरण सम्बन्धी १ मुद्दा दर्ता भएकोमा फछ्र्यौट भै सकेको देखिन्छ ।

<u>पदाधिकारी सुविधा</u>

११. **पदाधिकारी सुविधाः** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफू निर्वाचित भई अनुसूची-२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जस अनुसार गण्डकी प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ आषाढ २६ मा राजपत्रमा प्रकाशन गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १ मा उल्लेख भएको सुविधामात्र दिन मिल्ने देखिन्छ।गाउँपालिकाले २०७६ श्रावण २ देखि असोजसम्मको पारिश्रमिक र सुविधा वापत रु.११७६९००.०० खर्च लेखेको देखिन्छ ।

१२. **यातायात खर्चः** गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन २०७६ को दफा ४ मा स्थानिय तहले यातायात सुविधा वापत कुनै सवारी साधन उपलब्ध गराएको अवस्थामा यातायात सुविधा वापतको रकम नपाउने ब्यवस्था छ । भौ.नं.३५-२०७६।१०।२९ वाट गाउँपालिकाले सवारी सुविधा पाएका निम्न पदाधिकारीहरुलाई गाउँपालिकामा भएको गाउसभा वैठकमा आवत जावत गर्न भनी यातायात खर्च वापत रु. ७,५००।- भुक्तानी गरेकोले उक्त रकम असुल गर्नु पर्ने रु. ७५००.००

क्र.सं.	पदाधिकारीको नाम	यातायात खर्च रु.
१	अध्यक्ष श्री फेन्चोक छेक्तेन गुरुङ	१५००.००
२	वडाध्यक्ष श्री वीरवहादुर गुरुङ	७५०.००
३	वडाध्यक्ष श्री छिन नाम्ग्याल गुरुङ	१५००.००
४	वडाध्यक्ष श्री नविन कुमार गुरुङ	७५०.००
५	वडाध्यक्ष श्री तेन्जिन नाम्ग्याल गुरुङ	१५००.००
६	वडाध्यक्ष श्री राप्के गुरुङ	१५००.००
	जम्माः	७५००.००

<u>अनुदान प्राप्ति, वितरण र फिर्ता</u>

१३. **अनुदान फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । सामाजिक सुरक्षा भत्ता वितरण गर्न दिएको पेश्की फछ्र्यौट गर्दा प्राप्त नगद रु.४४०००.०० संघिय संचित कोषमा फिर्ता गर्नुपर्नेमा गाउँपालिकाको खातामा जम्मा गरेकोले उक्त रकम संघिय संचितकोष दाखिला हुनुपर्ने रु. ४४०००.००

१४. **अनुदानको अनुगमनः** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ ।गाउँपालिकाले देहायअनुसार कृषि, पशु तर्फ रु.३७८८२७१.०० र शिक्षा तर्फ रु.३०५००००.०० गरी रु.६८३८२७१.०० खर्च लेखेको छ। गाउँपालिकाबाट बितरण भएको उक्त अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

भौ.नं मिति	विवरण	अनुदान रकम
१०-२०७६।९।४	च्याङग्रा खरिद दलित सामूहिक च्याङग्रापालन उ.स	५०००००.००
११-२०७६।९।४	च्याङग्रा खरिद दलित जागरण भेडा वाख्रापालन ,,	५०००००.००
४९-२०७७।३।१२	कुखुराखोर निर्माण दलित स्तरोन्नती कार्यक्रम	३०००००.००
३-२०७६।९।१०	मेटलविन खरिद एवं वितरण	८०७९५६.००
४-२०७६।९।१०	सिल्पोलिन प्लाष्टिक खरिद एवं वितरण	७९९९९५.००
१८-२०७७।३।२८	हाते टयाक्टर खरिद एवं वितरण	८८०३२०.००
२-२०७६।८।२५	घुम्ती विद्यालय अनुदान	७०००००.००
२,११-२०७७।३।१४	वैकल्पिक शिक्षा अनुदान	७०००००.००
११-२०७७।३।१४	खाजा निरन्तरता अनुदान	६७५०००.००
१,११-२०७७।३।१४	मातृभाषा अध्यापन गराउने शिक्षक अनुदान	९७५०००,००
	जम्माः	६८३८२७१.००

कर दस्तुर एवं आन्तरिक आय

१५. **कर तथा शुल्क असुलीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर, घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।उक्त आय शीर्षकमा गाउँपालिकाले आय अनुमान नगरेको र यो वर्ष जम्मा आन्तरिक आम्दानी रु.१७२३२९९.०० देखाएको छ । उक्त आम्दानी पुष्टि हुने नगदी रसिद नियन्त्रण खाता, आय अभिलेख खाता र दाखिला समेत स्पष्ट देखिने अभिलेख गाउँपालिकाले राखेको छैन । यसले गर्दा यो वर्ष देखाइएको आन्तरिक आय यथार्थपरक छ भनी लेखापरीक्षणवाट एकिन हुन सकेन । गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

उपभोक्ता समिति मार्फत कार्य

१६. **हेभी इक्विपमेण्टको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने

जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित देहायका निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएतापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको शिफारिस गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन:

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
३-२०७२।२।२३	वाटो निर्माण उ.स	ढाकरजुङ्ग देखि ढल्के डांडासम्म मोटरवाटो निर्माण	१९०००००	हेक्साभेटर	१९०००००
२३-२०७७।१।२	सडक निर्माण उ.स	झारकोट खिंगा मोटरवाटो नि.उ.स	९५०००	एक्साभेटर	७३४५०.००
२६-२०७७।१।३	वडा नं १,२,३ र ५ मा	हिंउ पन्छाउने कार्य	३२२०००	एक्साभेटर	३२२०००
३३-२०७७।२।१	सडक निर्माण कार्य	एक्ले भट्टी देखि कागवेनी सडक मर्मत उ.स	९५००००	एक्साभेटर	७५००००

१७. **सांस्कृतिक कार्यक्रम खर्चः** गाउँपालिकाले सास्कृतिक कार्यक्रम वापत खर्च लेख्दा उक्त कार्यक्रमा के कस्तो कार्यक्रमको आयोजना गरिने हो, के कति जना कलाकार आवश्यक पर्ने हो सोको प्रस्ताव तयार नगरी अनुमानको आधारमा पेश्की दिने र विभिन्न प्रकारका विल भरपाइ संलग्न गरी फछ्र्यौट गर्ने गरेको पाइयो । कार्यक्रममा लाग्ने खर्चको लागत अनुमान तयार गरी सोही आधारमा खर्च लेख्नुपर्नेमा सो नगरी गाउँसभाले पारित गरेको वजेट भन्दा पनि वढी हुने गरी कार्यक्रम खर्च लेख्नु उपयुक्त देखिएन । कार्यक्रमको लागत अनुमान तयार गरी खर्च लेख्नु पर्दछ ।

भौ.नं मिति	विवरण	खर्च रकम	पेश्की लिनेको नाम
५-२०७६।५।२४	यार्तुङ्ग महोत्सव	१५२६०३१.००	फेन्चोक छेसेन गुरुङ्ग
१४-२०७६।९।१०	यार्तुङ्ग महोत्सव	१६२२०००.००	फेन्चोक छेसेन गुरुङ्ग
३-२०७६।५।२४	यार्तुङ्ग महोत्सव	३९७१७७.००	विभिन्न पार्टीलाइ भुक्तानी
६५-२०७७।३।२२	डोल्मा युदुक महोत्सव	१५०००००.००	कागछोदे मिनिष्ट्री फाउण्डेशन लाइ पेश्की

गाउँपालिकाको अध्यक्षले कार्यक्रमको प्रभावकारीता र अनुगमन गर्नुपर्नेमा यार्तुङ्ग महोत्सवको लागी स्वयमले पेश्की लिइ खर्च गर्नु नियमसम्मत देखिंदैन । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

<u>**शिक्षा तर्फ**</u>

१८. **शिक्षकको तलब खर्चः** बिद्यालयस्तरमा सञ्चालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।०७७ मा उल्लेख भए अनुसार कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकिन विवरण जिल्ला शिक्षा समन्वय इकाईबाट प्राप्त गरि सोही अनुसार बिद्यालयबाट प्राप्त माग फारम रुजु गरि निकासा गर्नुपर्ने व्यबस्था मिलाउनुपर्ने, शिक्षकको तलबी प्रतिबेदन साबिक अनुसार नै बिद्यालय शिक्षक किताबखानाबाट पारित गरी प्राप्त तलवी प्रतिबेदनका आधारमा मात्र तलब भत्ता निकाशा दिनुपर्ने उल्लेख छ ।

गाँउपालीकाले आधारभुत तर्फ तथा माध्यमिक तहका बिद्यालयमा कार्यरत शिक्षकहरुको लागी रु.३८१४८८८७।- तलब भत्ता निकासा दिएको छ। सो अनुसार आधारभुत तथा माध्यमिक तहका शिक्षकको तलवी प्रतिवेदन पारित गरि खर्च लेखेता पनि शिक्षकहरुको सरुवा बढुवा तथा अवकाशको अभिलेख तथा राहत निजी श्रोत लगायतका विवरण स्पष्ट हुने गरि शिक्षकहरुको अभिलेख व्यबस्थित गरेको छैन ।दरबन्दी अनुसारको विवरण, सरुवा बढुवा तथा अवकाशको अभिलेख स्पष्ट रुपमा संलग्न गरेर मात्र तलव निकासा दिनुपर्दछ।

१९. **शिक्षक दरवन्दी र पदपूर्तिः** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस गाँउपालिका अन्तर्गत माध्यमिक तहको १ र आधारभूत तहका १५ गरी १६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

सि.नं.	विद्यालयको नाम	शिक्षक दरवन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	अरनिको आ.वि.	२	१	०	०	१:०
२	दिपज्योती आ.वि.	२	३	१	१४	१:४.६७
३	ताङ्गवे आ.वि.	२	२	०	७	१:१.७५
४	ज्योती आ.वि.	२	२	०	३	१:१.५
५	जन नर्मल आ.वि.	८	९	६	१०८	१:१२
६	जनसेवा आ.वि.	२	२	०	८	१:४
७	छैङ्गुर आ.वि.	२	२	०	८	१:४
८	जनप्रिय आ.वि.	३	१	०	७	१:७
९	जनमुक्ति आ.वि.	३	०	०	०	०:०
१०	पाङ्गलिङ्ग आ.वि.	२	१	०	५	१:५
११	जनशान्ती मा.वि	१९	१७	७	११७	१:६.८८
१२	मुक्तिनाथ आ.वि.	५	५	३	३६	१:७.२
१३	लुप्रा आ.वि.	६	६	४	६६	१:११
१४	ज्ञानभूमि आ.वि.	३	३	२	५	१:१.६७
१५	ज्वालामूखी आ.वि.	३	२	२	७	१:३.५
१६	हिमाली आ.वि.	२	२	०	०	२:०
		६६	५८	२५	३९१	

स्वीकृत दरवन्दी भन्दा वढी शिक्षक राखी तलव भत्ता खर्च लेख्न मिल्दैन ।

विद्यालय समायोजन कार्यान्वयन निर्देशिका २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाइ जिल्ला शिक्षा अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको वुंदा नं.१४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकामा प्रति शिक्षक विद्यार्थी अनुपात २:० देखि १:१२ भएका १६ विद्यालय रहेको प्राप्त विवरणवाट देखिन्छ । ती १६ विद्यालयमा ३९१ विद्यार्थी अध्यापन गराउन ५८ शिक्षकको तलव भत्ता वापत रु.३८१४८८८७।- खर्च लेखेको छ। सो अनुसार प्रति विद्यार्थी रु.९७५६७.०० खर्च भएको छ । यसवाट प्रति विद्यार्थी लागत वढ्न गएको छ। भोगोलिक दुरी टाढा भएमा वालविकाश केन्द्र स्थापना गरी न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ

२०. **बढी निकासाः** निशुल्क पाठ्यपुस्तक बापतको अनुदान निकासा दिदा **IEMIS** प्रतिवेदन अनुसारको विद्यार्थी संख्यालाई विद्यालयको यथार्थ संख्यासँग सत्यापन गराई संलग्न प्रमाणका १५२७८.००

आधारमा अनुदान रकम निकासा दिनुपर्ने उल्लेख छ। तर गाउँपालिकाले सो अनुसार नगरी गो.भौ.नं.४-०७७।३।१४ बाट **IEMIS** प्रतिवेदनको तथ्याङ्कलाई आधार नमानी देहाय अनुसार बढी निकासा दिएको देखियो । तसर्थ **IEMIS** प्रतिवेदनको तथ्याङ्क अनुसार नभई बढी निकासा भएको रकम असूल हुनुपर्ने रु.

सि.नं.	विद्यालयको नाम	IEMIS को तथ्याङ्क अनुसार निकासा हुनुपर्ने रकम	निकासा भएको रकम	फरक रकम
१	जनशान्ती मा.वि	६१०३८.००	७२३८९.००	११३५१.००
२	लुप्रा आ.वि.	३३१६२.००	३४७४५.००	१५८३.००
३	ज्ञानभूमि आ.वि.	१२८५.००	२५९०.००	१३०५.००
४	जनप्रिय आ.वि.	२७५५.००	३७९४.००	१०३९.००
			जम्मा	१५२७८.००

२१. **सामाजिक एवं आर्थिक लेखापरीक्षणः** गाउँपालका अन्तर्गतका १४ विद्यालयलाई सामाजिक एवं अर्थिक लेखापरीक्षण अनुदान बापत गो.भौ.नं.२।२०७६।८।५ बाट तोकिएअनुसार रु.१४५०००।- अनुदान निकासा भएकोमा उक्त विद्यालयहरुले समामाजिक एवं आर्थिक लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन । तोकिएअनुसार लेखापरीक्षण गराइ लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्दछ ।

२२. **आवासीय छात्रवृत्तिः** गाँउपालिकाले हिमाली क्षेत्रका आवासीय एवं गैर आवासीय सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति एवं आवास सञ्चालन अनुदान बापत देहायका विद्यालयलाई प्रति विद्यार्थि रु.४०००० का दरले रकम निकासा दिदा एक शैक्षिक सत्रमा दोहोरो नपर्ने आधार, विद्यालयले पेश गरेको छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामनामेसी सहितको विवरण, वितरणको निर्णय संलग्न नभएको एवं तोकिए अनुरुप उक्त अनुदान खर्च गरे नगरेको सम्बन्धमा अनुगमन गरेको देखिएन ।जसबाट उक्त आवासीय अनुदान वितरण एवं उपयोग तोकिएबमोजिम भए नभएको सम्बन्धमा यकिन नभएको रु. ५७२००००.००

सि. नं	विद्यालयको नाम	अनुदान रकम	कैफियत
१	जननर्मल मा.वि.	१८८००००.००	संघ एवं प्रदेश सशर्ततर्फ
२	जनशान्ती आ.वि.	३००००००.००	
३	मुक्तिनाथ आ.वि.	५६००००.००	प्रदेश सशर्त एवं गा.पा. अनुदान
४	लुप्रा आ.वि.	२८००००.००	प्रदेश सरकार सशर्त
	जम्मा	५७२००००.००	

२३. **जिन्सी आम्दानी नबाँधेकोः** गाउँपालिकाले निम्नानुसार विद्यालयलाई बालमैत्री सामग्री एवं फर्निचर खरिदबापत रकम भुक्तानी दिएकोमा संलग्न विलअनुसारका फर्निचर तथा सामग्री विद्यालयले जिन्सी आम्दानी बाँधेको प्रमाण पेश गरेको देखिएन । गाँउपालिकाको कार्यक्रमबाट खर्च लेखी खरिद भएका सामग्रीको विद्यालयले जिन्सी आम्दानी बाँधेको प्रमाणसहित खर्चको पुष्ट्याई पेश हुनुपर्ने रु. ८७००००.००

सि.नं.	विद्यालयको नाम	रकम	कैफियत
१	ज्योती आधारभूत विद्यालय	१०००००.००	बालमैत्री सामग्री र ७ थान फर्निचर खरिद
२	दिपज्योती आधारभूत विद्यालय	२०००००.००	बालमैत्री सामाग्री र १७ थान फर्निचर खरिद

३	लुप्रा आधारभूत विद्यालय	४७००००.००	५६ थान फर्निचर खरिद
४	ताङ्गवे आधारभूत विद्यालय	१०००००.००	१० थान फर्निचर खरिद
	जम्मा:	८७००००.००	

२४.	आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ मा खर्चको पुष्टयाई हुने प्रमाण कागजात संलगन गरेर मात्र खर्च लेख्नुपर्ने उल्लेख छ । गाउँपालिकाले गो.भौ.नं.१८-२०७७।३।१९ बाट ४३० थान क्यालेन्डर एवं १२५ थान शिक्षक डायरी खरिद गरी सुखी अफसेट प्रेसलाई रु.९९८३५।- खर्च लेखेकोमा सोको वितरणको विवरण संलग्न गरेको देखिएन ।माग एवं आवश्यकताका आधारमा खरिद एवं वितरण गरी खर्चको पुष्टयाई हुनेगरी खर्च लेख्नेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।	
२५.	**घुम्ती प्रारम्भिक कक्षाः** पौष र माघ महिनामा विद्यालय बन्द रहने हुदा विभिन्न गाउँमा घुम्ती प्रारम्भिक कक्षा पढाई सञ्चालन गर्न भनी सम्बन्धित वडाबाट २ महिनाको लागि शिक्षक छनौट गरी प्रतिशिक्षक रु.२००००.०० का दरले रु.१४००००.०० खर्च लेखेकोमा सम्बन्धित शिक्षकको प्रमाणित हाजिरी बेगर एवं धाकारजुङ्ग खिङ्गा र फल्याकमा सञ्चालित कक्षाको पारिश्रमिक सम्बन्धितले बुझेको प्रमाण संलग्न नगरी अन्यले बुझेको आधारमा खर्च लेखेको देखियो।खर्चको पुष्टयाई संलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ ।	
	<u>स्वास्थ्य तर्फ</u>	
२६.	**औषधी खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ ।यस गाउँपालिकाले उक्त प्रक्रियावेगर रु.११४९९९०।- का औषधी सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः	
२६.१.	खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,	
२६.२.	आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको साथै निशुल्क वितरणका लागि खरीद भएका अधिकांश औषधिको कभरिङ्गमा नेपाल सरकारद्वारा निशुल्क वितरणका लागि भनी लोगोसहित उल्लेख गर्न लगाउने गरेको पाइएन,	
२६.३.	आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको खुलाएको पाइएन।	
२६.४.	औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।	
	तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	

<table>
<tr><td>२७.</td><td>बढी ग्रेड भुक्तानीः पारित तलबी प्रतिवेदन अनुसार तलब भत्ता भुक्तानी गर्नुपर्दछ । गाउँपालिकाले हेल्थ असिस्टेन्ट छैठौं रामनारायण मण्डललाई साधारण ग्रेड एवं प्राविधिक ग्रेड बापतको रकम भुक्तानी दिदा पारित ग्रेड भन्दा बढी ग्रेड भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>तलबी प्रतिवेदन अनुसार भुक्तानी हुनुपर्ने ग्रेड रकम (क.सं. कोष थपसमेत)</th><th>भुक्तानी भएको ग्रेड रकम</th><th>फरक रकम</th></tr>
<tr><td>१</td><td>श्रावणदेखि कार्तिक सम्मको (चाडपर्व समेत)</td><td>३२४००.००</td><td>४५३६०.००</td><td>१२९६०.००</td></tr>
<tr><td></td><td colspan="3">जम्मा</td><td>१२९६०.००</td></tr>
</table></td><td>१२९६०.००</td></tr>
<tr><td>२८.</td><td>रोटा खोप सम्बन्धी स्वास्थ्यकर्मीलाई १ दिने तालिम कार्यक्रम सञ्चालन बापत गो.भौ.नं.३०-२०७७।३।२९ बाट खगेन्द्र बोहराले रु.१२६००।- भुक्तानी लिएको देखियो।अर्थ मन्त्रालयबाट जारी कार्यक्रम सञ्चालन निर्देशिका अनुसार सहायकस्तरको कार्यक्रममा प्रशिक्षक भत्ताबापत प्रतिकक्षा रु.७०० का दरले रु.१४०० र सहभागी भत्ताबापत प्रति सहभागी रु.७०० का दरले रु.२८००।- मात्र खर्च लेख्नुपर्नेमा क्रमशः रु.४०००।- र ४८००।- खर्च लेखेको देखियो । अतः निर्देशिका विपरित खर्च लेखेको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.</td><td>४६००.००</td></tr>
<tr><td>२९.</td><td>HMIS 9.3 डाटा प्रविष्टि एवं भेरिफिकेशन कार्य बापत गो.भौ.नं.१४-२०७७।३।२६ बाट रु.४५२००।- खर्च लेखी खगेन्द्र बोहोरालाई भुक्तानी दिएकोमा भत्ता बापतको रकम रु.३३१५०।- को भरपाई संलग्न नगरेको एवं रु.४०० बिलभन्दा बढी भुक्तानी दिएको देखियो ।आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ बमोजिम बढी भुक्तानी दिएको रकम असुल गरी बाँकी खर्चको पुष्टयाई पेश हुनुपर्ने देखिएको रु.</td><td>३३५५०.००</td></tr>
<tr><td>३०.</td><td>सरुवा भ्रमण खर्चः भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(४) मा सरुवा वा बढुवा भई हाजिर हुन खटिएको कार्यालयमा पुगेको दिनको नियमानुसार पाउने दैनिक भत्ताको २५ प्रतिशत रकम भुक्तानी पाउने उल्लेख छ ।सो अनुसार सरुवा भई २०७६।११।६ मा गाउँपालिकामा हाजिर भएका खगेन्द्र बोहोरालाई हाजिर भएको दिनको २५ प्रतिशत एवं भ्रमण अवधिको स्थानीय भत्ता समेत कट्टा गरी रु.३८५९०।-भुक्तानी दिनुपर्नेमा गो.भौ.नं.१०-२०७७।१।७ बाट रु.४५६८०।- भुक्तानी दिएको देखियो ।अतः नियमावलीमा तोकीएभन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.</td><td>७०९०.००</td></tr>
<tr><td>३१.</td><td>गाउँपालिकाले अ.हे.व. तारानाथ अधिकारीलाई २०७६।८।१५ देखि ८।१९ सम्म पोखरा सामान लिन जाँदाको भ्रमण भत्ता बापत गो. भौ.नं. ११-२०७७।२।१ बाट रु.९६५०।- भुक्तानी दिएकोमा उक्त अवधिको स्थानीय भत्ता बापतको रकम कट्टा नगरी भुक्तानी दिएको देखियो ।अतः स्थानीय भत्ता बापतको उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने देखिएको रु.</td><td>१०५०.००</td></tr>
<tr><td>३२.</td><td>वजेट कार्यान्वयनः गाउँपालिकाले गाउँसभाले पारित गरेका योजनाहरु कार्यान्वयन गर्नुपर्दछ । तर गाउँपालिकाले यो वर्ष गाउँसभाले पारित गरेका योजनाको अतिरिक्त गाउँकार्यपालिकाले निर्णय गरी देहाय वमोजिमको योजना संचालन गरी भुक्तानी गरेको पाइयो । गाउँसभाले पारित गरेका योजना वाहेक अन्यत्र खर्च गर्न मिल्ने देखिंदैन।</td><td></td></tr>
</table>

सि.नं	योजनाको नाम	रकम
१	खिंगा टेलिफोन टावर निर्माण	५०००००.००
२	खिंगा खानेपानी योजनामा थप	४०००००.००
३	झारकोट आमा समूह भवन तथा सिंचाइ कूलो निर्माण	५०००००.००
४	पाक्लिङ्ग सिंचाइ कूलो मर्मत	२०००००.००
५	पाक्लिङ्ग देखि ढाररजुङ्गसम्म मोटरवाटो मर्मत	३०००००.००
६	झरकोट खिंगा मोटर वाटो मर्मत	१०००००.००

३२.१. गाउँसभाले पारित गरेका योजना गाउँकार्यपालिकाले समयमै कार्वान्वियन गर्नुपर्दछ । तर २०७६।७७ मा कार्यान्वियन गर्नेगरी गाउँसभाले पारित गरेका देहायका योजना गाउँपालिकाले कार्यान्वियन गरेको पाइएन । गाउँसभाले पारित गरेको योजनाहरु समयमै कार्यान्वियन गर्नुपर्दछ ।

सि.नं	योजनाको नाम	विनियोजित रकम
१	स्वागतद्धार निर्माण	५०००००.००
२	मुक्तिनाथ मन्दिर पार्क निर्माण	५०००००.००
३	कागवेनी गुम्वा फर्निसिंङ्ग	१००००००.००
४	घरगुम्वा कम्पाउण्ड	१००००००.००
५	छेंगुर विष्णुचुल्हो शौचालय सहित भवन निर्माण	१००००००.००
६	वडा कार्यालय मर्मत तथा फर्निचर खरिद	४०००००.००
७	वडा कार्यालय सोलार जडान	५०००००.००
८	गुम्वा थाङ्ग मर्मत	५०००००.००
९	गुरुयोजना निर्माण	७०००००.००
१०	जनशान्ती मा.वि छात्रावास निर्माण	८०००००.००
११	झारकोट घ्यूर्कु सिंचाइ मर्मत	८०००००.००
१२	रानीपोवा शौचालय	१००००००.००
१३	छेंगुर समाजघर संरक्षण	९०००००.००
१४	छेंगुर आमा समूह घर मर्मत	४०००००.००
१५	चाप्केपा यूवा क्लव	२०००००.००
१६	आमा समूह भवन सुधार वडा नं २	४५००००.००
१७	झोङ आमा समूह र क्लवको कोठा थप	२०००००.००
१८	छुसाङ्ग समाजघर	९०००००.००
१९	दलित कुट्नी पिसनी भवन निर्माण	४०००००.००
२०	पाक्लिङ्ग सिंचाइ	१००००००.००
२१	साङता तारवार	१००००००.००

३३. **अधुरा योजनाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समिक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष मुक्तिनाथ आधारभूत विद्यालय २ कोठे भवन निर्माण १६०००००.०० वजेट विनियोजन गरेकोमा रु. १४४०८१५.०० खर्च भइ विद्यालय भवन निर्माण कार्य अधुरो रहेको छ । अधुरो भवन निर्माण गर्न पछिल्लो आर्थिक वर्षमा वजेट विनियोजन भएको देखिएन ।निर्माण कार्य अधुरो रहदा प्रयोगमा आउन नसक्ने हुदा थप रकम विनियोजन गरी निर्माण कार्य गराउनु पर्दछ ।

<u>सामाजिक सुरक्षातर्फ</u>

३४. **बढी निकासाः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता, नविकरण र लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण

गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । यस गाउँपालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरेको, पूर्ण रुपमा वैंक मार्फत भत्ता वितरण नगरेको, एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुन सक्ने हुदा कार्यविधिले तोकिए अनुसार लगत अद्यावधिक गरी पूर्ण रुपमा वैंक मार्फत भत्ता वितरण गर्नु पर्दछ ।

गाउँपालिकाले लगत अद्यावधिक नगरेको कारण वडा नं ४ का देहायका व्यक्ती २०७४।४।१ मा वसाइ सराइ भइसकेको लगत कितावमा उल्लेख भएकोमा हालसम्म पनी निजहरुको नाउँमा भत्ता वितरण भई रहेको पाइयो । वसाइ सराइ भै गएको स्थानमा निजहरुले भत्ता नलिएको प्रमाण पेश गर्ने अन्यथा दोहोरो भत्ता लिएको रकम असुल गर्नुपर्ने रु.

२१६०००.००

वडा नं. ४					
नाम	जन्म मिति	ना.प्र.प.नं.	२०७४।७५	२०७५।७६	२०७६।७७
पैमा गुरुदङ	१०९९।१०।२०	४३०८००९१/ २०४५।२।१६	३६०००	३६०००	३६०००
डैटु गुरुङ्ग	१९९०।८।१५	४३०८०१२७/ २०४३।८।१५	३६०००	३६०००	३६०००

झोलुङ्गेपुल कार्यक्रम

३५. **उपभोक्ता समितिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउदा सार्वजनिक निकायले सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समूदाय आफैंले प्रस्ताव वा निवेदन गर्न सक्ने व्यवस्था छ । यस गाउँपालिकाले ४ वटा झोलुङ्गेपुल निर्माण गर्न उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेकोमा नियमावलीमा भएको व्यवस्था अनुसार प्रस्ताव माग गरेको देखिएन । साथै उपभोक्ता समितिसंग २०७६।१२।९ मा सम्झौता गर्दा निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधी समेत तोकिएको छैन । अवधी समेत नतोकी निर्माण व्यवसायीसंग सम्झौता गर्दा निर्माण कार्यमा लाग्ने समय एकिन हुदैन। म्याद नतोकी निर्माण कार्यको सम्झौता गर्नु उपयुक्त देखिएन ।

३६. **पेश्कीः** झोलुङ्गेपुल निर्माण गर्न उपभोक्ता समितिहरुलाई देहाय वमोजिम पेश्की उपलव्ध गराएकोमा निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधी नतोकिएको र आर्थिक वर्षको अन्त्यसम्ममा पनि फछ्र्यौट भएको नदेखिएकोले पेश्की बांकी रकम फछ्र्यौट हुनुपर्ने रु. ३००००००.००

सि.नं	उपभोक्ता समितिको नाम	पेश्की रकम
१	घोक झोलुङ्गेपुल निर्माण उपभोक्ता समिति	८२००००.००
२	नर्सिङ्गखोला झोलुङ्गेपुल निर्माण उपभोक्ता समिति	८४५०००.००
३	ताङवेखोला झोलुङ्गेपुल निर्माण उपभोक्ता समिति	६४००००.००
४	फुजिलिङ्गखोला झोलुङ्गेपुल निर्माण उपभोक्ता समिति	६९५०००.००
	जम्माः	३००००००.००

प्रदेश सरकार विशेष अनुदान

<table>
<tr><td>३७.</td><td>म्याद थपः कागवेनी खोला प्रोटेक्सन कार्यको लागी अमित विल्डर्ससंग २०७७।२।१७ मा २०७७।३।१५ भित्र कार्य सम्पन्न गर्नेगरी रु.५९२९२३१.०० को सम्झौता भएकोमा यो वर्ष प्रथम रनिङ विल बापत रु.१६५०५१२.०० भुक्तानी भएको छ । तत्पश्चात निर्माण कार्यको म्याद थप भएको देखिएन । समयमै निर्माण कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाइ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ र सम्झौता वमोजिम कारवाही गरी निर्माण कार्य सम्पन्न गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३८.</td><td>विमाः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु.दशलाख भन्दा वढीको निर्माण कार्य गराउदा निर्माण कार्य, मेशिनरी औजार, कामदार लगायतको विमा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कागवेनी खोला प्रोटेक्सन कार्य गर्न निर्माण व्यवसायी अमित विल्डर्ससंग २०७७।२।१७ मा रु.५९२९२३१.०० को सम्झौता गरेकोमा BOQ आइटममा विमाको लागि व्यवस्था भएको र सम्झौतामा सम्झौता रकमको ११० प्रतिशत विमा गर्नुपर्ने व्यवस्था भएतापनि निर्माण व्यवसायीलाई प्रथम रनिङ्ग विल भुक्तानी गर्दासम्म विमा गरेको देखिएन । नियमावलीमा भएको व्यवस्था वमोजिम विमा नगराई निर्माण कार्य गराउनु हुदैन ।</td><td></td></tr>
<tr><td>३९.</td><td>धरौटीः सार्वजनिक खरिद नियमावली २०६४ अनुसार निर्माण व्यवसायीलाई रनिङ्ग विल भुक्तानी गर्दा रिटेन्सनमनी वापत ५ प्रतिशत रकम कट्टी गरी धरौटी खातामा जम्मा गर्नुपर्ने र निर्माण कार्यको मर्मत सम्भार अवधी समाप्त भएपछि करचुक्ता र मू.अ.कर समायोजनको प्रमाण पेश भएपछि धरौटी रकम फिर्ता गर्नुपर्नेमा गाउँपालिकाले निर्माण व्यवसायी अमित विल्डर्सलाई प्रथम रनिङ विल भुक्तानी गर्दा कट्टी गरिएको धरौटी रकम धरौटी खातामा दाखिला भएको नदेखिएकोले धरौटी खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>८२५२५.००</td></tr>
<tr><td></td><td>पूंजीगत समानिकरणः</td><td></td></tr>
<tr><td>४०.</td><td>धरौटी कट्टीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(४) मा सार्वजनिक निकायले सम्झौता वमोजिमको रकम भुक्तानी गर्दा रिटेन्सनमनी वापत रनिङ वा अन्य विल वा विजकमा उल्लेखित रकमको ५ प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने व्यवस्था छ । तर यस गाउँपालिकाले विभिन्न निर्माण व्यवसायीलाइ सम्झौता वमोजिमको निर्माण कार्यको रकम भुक्तानी गर्दा धरौटी कट्टी गरेको पाइएन । धरौटी रकम सम्बन्धितवाट असुल गरी धरौटी खातामा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं मिति</th><th>निर्माण कार्यको नाम</th><th>निर्माण व्यवसायी</th><th>भुक्तानी रकम</th><th>धरौटी रकम</th></tr>
<tr><td>८-२०७६।७।१४</td><td>गाउँपालिका भवन निर्माण</td><td>श्री गीता/श्री क्रियटम जेभी</td><td>५१६५९८०</td><td>२५९२९९</td></tr>
<tr><td>१८-२०७६।१०।३</td><td>गाउँपालिका भवन निर्माण</td><td>श्री गीता/श्री क्रियटम जेभी</td><td>५०७६९३१</td><td>२५३८४६</td></tr>
<tr><td colspan="4">जम्माः</td><td>५१३१४५</td></tr>
</table></td><td>५१३१४५.००</td></tr>
<tr><td>४१.</td><td>मूल्य अभिवृद्धिकरः मूल्य अभिवृद्धिकर नियमावली, २०५२ को नियम ६ग. मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा बापतको रकम सम्बन्धित निर्माण व्यवसायी वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रकम मात्र भुक्तानी दिनुपर्ने, यसरी राजस्व रकम जम्मा गरेको जानकारी भुक्तानी गर्ने कार्यालयले सम्बन्धित निर्माण व्यवसायी वा आपूर्तिकर्तालाई दिनुपर्ने र जम्मा भएको कर रकम सम्बन्धित निर्माण व्यवसायी वा आपूर्तिकर्ताले</td><td></td></tr>
</table>

	बुझाउनुपर्ने करमा मिलान गर्न पाउने व्यवस्था छ ।गाउँपालिकाले गाउँपालिका भवन निर्माण गर्ने निर्माण व्यवसायी श्री गिता/श्री क्रियटिभ जेभीलाइ प्रथम र दोश्रो रनिङ विल भुक्तानी गर्दा क्रमश रु. ५१६५९८०.०० र ५०७६९३१.०० को मु.अ.कर रु.१३३१५७८.०० को ५० प्रतिशततले हुने रु.६६५७८९.०० कट्टा गरी राजस्व दाखिला गर्नुपर्नेमा निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा दाखिला गरेको देखिएन । अतः नियमावलीको व्यवस्था अनुसार पचास प्रतिशतले हुने रकम राजस्व दाखिला नगरेकोले भुक्तानी भएको मूल्य अभिवृद्धि कर बापतको रकम समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.	६६५७८९.००
४१.१.	**विल भरपाईः** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले भवन निर्माण कार्यको दोश्रो रनिङ्ग विलबापत गो.भौ.नं. १८-२०७६।१०।३ वाट रु.५०७६९३१.०० भुक्तानी गर्दा मू.अ.कर वापत रु.६६०००१.०० भुक्तानी भएकोमा निर्माण व्यवसायी श्री गिता/श्री क्रियटीभ जेभीले कर विजक जारी गरेको देखिएन । कर विजक वेगर भुक्तानी भएको मू.अ.कर रकम आन्तरिक राजश्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.	६६०००१.००
४२.	**गाउँपालिका गुरुयोजना निर्माणः** गाउँपालिकाले गुरुयोजना निर्माण गर्न २०७६।१।१० मा रु.१००००००.०० को लागत अनुमान तयार गरी परामर्श सेवाको लागी आशयको सूचना प्रकाशन गरेकोमा २०७६।८।१ मा गुरुयोजनाको TOR स्वीकृत गरेको पाइयो । उक्त कार्यको लागी २०७६।६।३० मा नेपाल विकाश अध्ययन संस्थान कास्की पोखरासंग रु.९९६०००.०० मा उक्त कार्य गर्नेगरी सम्झौता भएको देखिन्छ । सम्झौता अनुसार एक महिना भित्र प्रारम्भिक प्रतिवेदन वुझाउनु पर्ने, उक्त प्रतिवेदन वुझाएपछी ३० प्रतिशत, पहिलो ड्राफ्ट प्रतिवेदन बुझाएपछि ३० प्रतिशत र गुरुयोजनाको अन्तिम प्रतिवेदन वुझाएपछी ४० प्रतिशत भुक्तानी दिने गरी सम्झौता भएको देखियो । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्।	
४२.१.	गाउँपालिकाले परामर्श सेवा खरिद सम्बन्धी आशयको सूचना प्रकाशन गरे पश्चात उक्त अवधीमा के कति परामर्शदाताले आशयपत्र पेश गरे सोको अभिलेख राखेको देखिएन ।	
४२.२.	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा मूल्य अभवृद्धि करमा दर्ता नभएका कुनै पनि व्यक्ती फर्म वा संस्थावाट सेवा खरिद गर्न निमिल्नेमा मूल्य अभिवृद्धि करमा दर्ता नभएको नेपाल विकाश अध्ययन संस्थान कास्की पोखरासंग सम्झौता गरेको देखियो । नियमावली विपरित सम्झौता गर्न मिल्ने देखिंदैन ।	
४२.३.	परामर्शदातासंग भएको सम्झौतामा निजले गाउँपालिकालाई ४ महिना भित्र रिपोर्ट वुझाउनु पर्नेमा निजले २०७७।३।१४ मा Inception Report पेश गरेको भनी प्रथम किस्ता ३० प्रतिशतले हुने रु.२९८८००.०० मा १५ प्रतिशत कर कटाइ भुक्तानी गरेको छ । सम्झौता अनुसार निजले २०७६।१२।१ मा अन्तिम प्रतिवेदन वुझाउनु पर्नेमा हालसम्म अन्तिम प्रतिवेदन वुझाएको देखिंदैन । यसरी अन्तिम प्रतिवेदन नवुझाएपछि निजलाइ प्रचलित कानून वमोजिम कारवाही गरी पूर्व निर्धारित क्षतिपूर्ती समेत असुल गर्नुपर्नेमा सो कार्य समेत भएको देखिंदैन ।	
४३.	**लगानीः** गाउँपालिकाले वजेट विनियोजन गरी कार्यान्वयन गर्दा दर्ता भएका संघ/संस्था मा लगानी गर्नुपर्दछ ।तर यस गाउँपालिकाले देहायका दर्ता नभएका संघ/संस्थामा लगानी गर्ने	

<table>
<tr><td></td><td>गरेको पाइयो । कानून अनुसार दर्ता नभएको संघ/संस्थामा गाउँपालिकाले लगानी गर्न मिल्ने देखिंदैन । यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन् ।
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>झोङ समाजघर मर्मत</td><td>४७५०००.००</td></tr>
<tr><td>२</td><td>मिलन यूवाक्लव खेलकुंद मैदान निर्माण</td><td>१९००००.००</td></tr>
<tr><td>३</td><td>झारकोट आमा समूह भवन निर्माण</td><td>१४२५००.००</td></tr>
<tr><td>४</td><td>खिंगा आमा समूह फर्निचर तथा किचन सामाग्री</td><td>४७५०००.००</td></tr>
<tr><td>५</td><td>खिंगा समाजघर निर्माण</td><td>१३३००००.००</td></tr>
<tr><td>६</td><td>ढाकरजुङ समाजघर निर्माण</td><td>१२१६०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४४.</td><td>वढी भुक्तानीः गाउँपालिकाले खर्च गर्दा स्वीकृत नमर्सको आधारमा खर्च गर्नुपर्दछ । गाउँपालिकाले भौ.नं १३-२०७६।६।६ वाट खिंगा खानेपानी योजना वडा नं १ मा खानेपानी पाइप खन्ने पुर्ने कार्यको लागी रु.४२६२७७.०० को लागत अनुमानमा कार्यालयले रु.३८०००००.०० भुक्तानी गरेको छ । उक्त कार्यको Earthwork in back filling भनी २३८ घ.मी को प्रति घ.मी रु.६०३.७५ ले रु.१४३६९२.०० मूल्यांकन गरेको छ । पुर्ने कार्यमा लाग्ने श्रमिकको ज्याला दिन स्वभाविक भएपनि पाइप पुर्ने क्रममा माटो ढुवानी भनी प्रति घ.मी रु.२३०.४४ ले थप भुक्तानी गर्न मिल्ने नदेखिएकोले २३८ घ.मी को वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.</td><td>५४८४४.००</td></tr>
<tr><td>४५.</td><td>पेश्कीः आर्थिक वर्षको अन्त्यमा गाउँपालिकाका अध्यक्ष फेन्चोक छेसेन गुरुङ्गलाई ऱ्याफ्टिङ्ग संचालन गर्न दिएको पेश्की रु.३०००००.०० र गाउँपालिकाको भवन निर्माण गर्न निर्माण व्यवसायी श्री गिता/श्री क्रियटिम जेभीलाई दिएको मोविलाइजेशन पेश्की मध्ये म्याद बांकी रहेको पेश्की रु.३००००००.०० फछ्यौंट गर्न बांकी देखिन्छ । उक्त पेश्की मध्ये ऱ्याफ्टिङ्ग कार्य संचालन गर्न दिएको पेश्कीको म्याद समाप्त भै सकेकोले उक्त पेश्की अविलम्व असुल फछ्यौंट गर्नुपर्ने रु.</td><td>३०००००.००</td></tr>
<tr><td>४६.</td><td>वजेट विनियोजनः गाउँपालिकाले वजेट तर्जुमा तथा स्वीकृत गर्दा गाउँको समग्र विकास सम्बन्धी योजनालाइ प्राथमिकिकरण गरी दिगो विकास सम्बन्धी योजनामा वजेट तर्जुमा गरी खर्च गर्नुपर्दछ । तर गाउँपालिकाले आर्थिक वर्ष २०७६।७७ को गाउँसभावाट वजेट स्वीकृत गर्दा व्यक्तिगत जग्गा संरक्षण गर्नेखालका तारवार घेराउ, पर्खाल निर्माण लगायतका कार्यक्रम स्वीकृत गरी यो वर्ष सोही योजनामा खर्च गरेको पाइयो । व्यक्तिगत जग्गा संरक्षण गर्ने खालका कार्यक्रममा गाउँपालिकावाट वजेट खर्च गर्ने गरी वजेट विनियोजन गरेको उपयुक्त देखिएन ।</td><td></td></tr>
<tr><td>४७.</td><td>मल अनुदानः कृषकलाई ५० प्रतिशत अनुदानमा अर्गानिक मल उपलब्ध गराउने कार्यक्रम अन्तर्गत हिसि घ्याचो अर्गानिक स्याउ फर्म वाह्रगाउँ मुक्तिक्षेत्र -४ वाट अर्गानिक मल खरिद गरेको पाईयो । ३९९७ वोरा मलको प्रतिवोरा रु.२००।- का दरले रु.७,९९,४००।- खरिद भएकोमा उक्त रकमको ५० प्रतिशतले हुन आउने रु. ३,९९,७००।- भुक्तानी गर्नु पर्नेमा रु. ७,९९,४००।- (शत प्रतिशत) भुक्तानी भएकोले वढि भुक्तानी असुल गर्नुपर्ने रु.</td><td>३९९७००.००</td></tr>
<tr><td>४८.</td><td>ननफाईलरः मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम असुल गरेको मूल्य अभिबृद्धि कर विवरण अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपलिकामा INTERIOR FURNITURE TRADE LINK, पोखराले मु.अ.कर वाहेक रु.१,७१,५००।- को फर्निचर सामान सप्लाई गरेवापत कार्यालयमा करविजक पेश गरी भौ.नं.११०-२०७७।३।२८ वाट रु. २२,२९५।- मूल्य</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>अभिवृद्धिकर भुक्तानी लिएकोमा आन्तरिक राजस्व विभागको वेभसाइटमा लेखापरीक्षणका क्रममा स्थायी लेखा नं. खोजी हेर्दा उक्त सप्लायर्सले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मासिक कर विवरण नबुझाई २०७७ आषाढ देखि ननफाईलर देखाएको हुँदा बाट भुक्तानी लिएको मूल्य अभिवृद्धि कर रकम समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>२२२९५.००</td></tr>
<tr><td>४९.</td><td>विलभर्पाईः आर्थीक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(१०) अनुसार जिम्मेवार ब्यक्तीले सरकारी रकमको खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानि गर्नु पर्ने ब्यवस्था छ ।गाउँपालिकाले भौ.नं. १०-२०७६।६।१४ वाट वीमा नविकरण वापत ५ मोटरसाईकल र १ स्कुटरको रु.१०,०२६।-को वील भर्पाई पेश भएकोमा रु.४८७६१।खर्च लेखेकोले नपुग रकम रु.३८,७३५।-असुल गर्नु पर्ने रु.</td><td>३८७३५.००</td></tr>
<tr><td>५०.</td><td>गाउँपालिकाले गो.भौ.नं. १०-२०७६।६।१४ वाट सहायक पाचौ रमेश आचार्यलाई २०७६ माघ महिनाको तलव भुक्तानी गर्दा स्थानिय भत्ता वापत रु.७,७१०।- भुक्तानी गर्नु पर्नेमा रु.८,९९५।-भुक्तानी भएकोले वढि भुक्तानी रकम असुल गर्नु पर्ने रु.</td><td>१२८५.००</td></tr>
<tr><td>५१.</td><td>गो.भौ.नं.१४-२०७६।७।१४ वाट निम्नानुसार कर्मचारीहरु भ्रमण गर्दा वोर्डिङपास तथा प्लेन टिकट संलग्न नगरी प्लेन भाडा वापतको रकम भुक्तानी भएकोमा सोको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>७५७९.००</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>कर्मचारीको नाम</th><th>विवरण</th><th>रकम रु.</th></tr>
<tr><td>सुचना प्रविधि अधिकृत सुर्य प्रसाद तिमिल्सिना</td><td>२०७६।६।२४ जोमसोमवट पोखरा जादाको वोर्डिङ पास</td><td>४५६४.००</td></tr>
<tr><td>स.ले.पा.वलेन्द्रराम हरिजन</td><td>२०७६।७।१४ मा जोमसोमवाट पोखरा जादाको प्लेन टिकट तथा वोर्डिङ पास</td><td>३०१५.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७५७९.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५२.</td><td>फिल्ड भत्ता प्राप्त गर्ने कर्मचारीले भ्रमण गर्दा सो अवधिको दैनिक भ्रमण भत्ता नपाउनेमा फिल्ड भत्ता प्राप्त गर्ने असिस्टेन्ट सव ईन्जिनियर मनवहादुर सार्किलाई गाउँपालिकाले भौ.नं.३०-२०७६।९।१४ वाट २०७६।८।६ देखि २०७६।८।१२ सम्म कागवेनी देखि फल्याक, साङता भ्रमण गर्दा दैनिक भ्रमण भत्ता वापत भुक्तानी भएको रु.७,५००।- असुल गर्नु पर्ने रु.</td><td>७५००.००</td></tr>
<tr><td>५३.</td><td>दोहोरो भत्ताः गाउपालिकाले भ्रमण गर्दा दोहोरो सुविधा नहुने गरी स्थानिय भत्ता कट्टा गरी भ्रमण भत्ता वापतको रकम भुक्तानी गर्नु पर्नेमा निम्नानुसार दोहोरो सुविधा भुक्तानी भएको रु.१९,३६०।- असुल गर्नु पर्ने रु.
<table>
<tr><th>भौ.नं.</th><th>विवरण</th><th>कट्टा गर्नु पर्ने स्थानिय भत्ता</th></tr>
<tr><td>९-२०७६।६।१५</td><td>प्र.प्र.अ. दिपक रेग्मी २०७६।४।४-२०७६।४।१०,२०७६।४।१५-२०७६।४।२१, २०७६।५।१-२०७६।५।७ कार्यालयको कामले पोखरा भ्रमण तथा २०७६।५।१५-२०७६।५।२१ छुसाङ,समर, ताङवे अनुगमन को स्थानिय भत्ता</td><td>१०३६०.००</td></tr>
<tr><td>१४-२०७६।७।१४</td><td>प्र.प्र.अ. दिपक रेग्मी २०७६।६।२३-२०७६।६।२९काठमाडौ, २०७६।६।७ २०७६।६।१२, २०७६।७।३-२०७६।७।९ पोखरा, कार्यालयको कामले भ्रमण गर्दाको स्थानिय भत्ता तथा १ दिन वढिको दैनिक भ्रमण भत्ता</td><td>९०००.००</td></tr>
<tr><td></td><td>जम्माः</td><td>१९३६०.००</td></tr>
</table>
</td><td>१९३६०.००</td></tr>
</table>

<table>
<tr><td>५४.</td><td>कर दाखिलाः आयकर ऐन, २०५८ को दफा ९० अनुसार भुक्तानीमा कट्टा गरेको आग्रिम कर रकम प्रत्येक महिना समाप्त भएको पच्चिस दिन भित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले वर्षान्तसम्ममा विभिन्न कार्यक्रममा करकट्टी भई दाखिला गर्न बांकी रहेको रकम रु.८३३९०.०० लेखापरीक्षण अवधीसम्म पनि दाखिला भएको नदेखिएकोले उक्त रकम राजश्व दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं</th><th>शिर्षको नाम</th><th>कर रकम</th></tr>
<tr><td>१</td><td>गाउँपालिका चालु खर्च</td><td>२१५८७.००</td></tr>
<tr><td>२</td><td>गाउँपालिका पूंजीगत खर्च</td><td>३८९६.००</td></tr>
<tr><td>३</td><td>कृषि समानिकरण</td><td>५५०००.००</td></tr>
<tr><td>४</td><td>नविकरणिय उर्जा कार्यक्रम</td><td>२०९७.००</td></tr>
<tr><td></td><td>जम्माः</td><td>८३३९०.००</td></tr>
</table></td><td>८३३९०.००</td></tr>
<tr><td></td><td><u>विपद् व्यवस्थापन</u></td><td></td></tr>
<tr><td>५५.</td><td>समिति गठनः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन गरी कोरोना रोकथाम सम्बन्धमा ९ वटा बैठक बसेको देखियो ।</td><td></td></tr>
<tr><td>५६.</td><td>कार्य योजनाः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने सम्बन्धी व्यवस्था छ । गाउँपालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्य गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५७.</td><td>विपद् व्यवस्थापन कोषः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा गत वर्षको मौज्दात नरहेको र यो वर्ष रु.३४५४८६६.०० आम्दानी भई सो मध्ये रु.११२३९४८.०० खर्च गरी रु.२३३०९१८.०० बांकी देखिन्छ । गाउँपालिकाले उक्त खर्च मध्ये १९४ जनालाई खाद्यान्न राहत वापत रु.६९६५९१.००, राहत ढुवानी रु.१७५००.००, अनुगमन वापत रु.५९५३९.००, जिल्ला प्रकोप नियन्त्रण खातामा रु.२०००००.०० र विविध वापत रु.१५०३१८.०० खर्च गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>५८.</td><td>वार्षिक प्रतिवेदनः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण</td><td></td></tr>
</table>

	सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
५९.	**सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ ।	
६०.	**आन्तरिक लेखापरीक्षणः** आन्तरिक लेखापरीक्षणवाट औंल्याइएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै कार्यालयले फछ्र्यौट गरी अन्तिम लेखापरीक्षणको लागी स्रेस्ता पेश गर्नुपर्नेमा गाउँपालिकाको आन्तरिक लेखापरीक्षणले औंल्याएको व्यहोरा अन्तिम लेखापरीक्षण अवधीसम्म पनि फछ्र्यौट भएको देखिएन । तसर्थ आन्तरिक लेखापरीक्षणवाट औंल्याइएका व्यहोराको कार्यान्वयन हुनुपर्ने रु.	२०३६७८.००

भौ.नं मिति	व्यहोरा	रकम
__आयुर्वेद सशर्त__		
३-२०७६।६।१४	वरिष्ठ कविराज निरीक्षकको दैनिक भ्रमण भत्ता विल भुक्तानी गर्दा वढी दर राखेको, जोड जम्मा फरक परेको र स्थानीय भत्ता घटी कट्टी गरेको असुल गर्नुपर्ने रु.	१८३०.००
२३-२०७७।३।२६	वरिष्ठ कविराज निरीक्षक जनार्दन आचार्यलाइ २०७७।२।२१ देखि २।२७ सम्म लकडाउन अवधीको वाग्लुङ्ग भ्रमण गर्दाको दै.भ्र. भत्ता भुक्तानी भएकोमा लकडाउन अवधीको सवारी पास संलग्न नभएकोले भ्रमण खर्चको औचित्य तथा प्रमाण पेश हुनुपर्ने रु.	१५५९५.००
२५-२०७७।३।१९	कविराज शारदा आचार्यलाई २०७७।३।२ देखि ३।८ सम्म लकडाउन अवधीको काठमाडौ भ्रमण गर्दाको दै.भ्र. भत्ता भुक्तानी भएकोमा लकडाउन अवधीको सवारी पास संलग्न नभएकोले भ्रमण खर्चको औचित्य पुष्टी हुनुपर्ने रु.	१५२२२.००
३-२०७७।३।१९	लकडाउन अवधीमा सवारी संचालनको पास वेगर स्याङ्गता गाउँमा भ्रमण गरेको भनी वरिष्ठ कविराज जनार्दन आचार्यलाइ गाडी भाडा भुक्तानी भएकोमा खर्चको औचित्य तथा प्रमाण पेश हुनुपर्ने रु.	२०००.००
__शिक्षा सशर्त__		
१०-२०७७।३।३१	शिक्षा अधिकृत शिव खड्का र का.स छिरिङ्ग ग्याल्पो गुरुङ्गलाई लकडाउन अवधीमा २०७७।३।१९-२६ सम्म पोखरा भ्रमण देखाइ दै.भ्र.भ क्रमश १४६००.०० र १०८५०.०० भुक्तानी भएकोमा खर्चको औचित्य तथा प्रमाण पेश हुनुपर्ने रु.	२५४५०.००
__पशुसेवा वित्तिय समानिकरण__		
५-२०७७।३।१२	लकडाउनको समयमा सवारी साधन सञ्चालन नभएको अवस्थामा सवारी पास वेगर, मनिषा जि.सी.ले २०७७।२।१७ देखि २०७७।२।२२ सम्म कागवेनी देखि म्याग्दीको वेनी सम्म भ्रमण गरेको भनी भ्रमण खर्च भुक्तानी भएको रु. २६,०००।- असुल गर्नु पर्ने रु.	२६०००.००
१५-२०७७।३।३०	लकडाउनको समयमा सवारी साधन सञ्चालन नभएको अवस्थामा सवारि पास वेगर,मनिषा जि.सी.,वासु थकाली र टसि गुरुङ भ्रमण गरेको भनी क्रमशः भ्रमण खर्च भुक्तानी भएको रु.७,६५०।-,१,७४०।-र १,२७५।-गरि रु.१०,६६५ असुल गर्नु पर्ने रु.	१०६६५.००
__कृषि वित्तिय समानिकरण__		

		१८-२०७७।३।२८	पेमा ल्हामु योल्मोलाइ २०७७।३।१७ देखि ३।२३ सम्म लकडाउन अवधीमा पोखरा भ्रमण गरेको देखाइ भ्रमण खर्च भुक्तानी भएकोमा खर्चको औचित्य तथा प्रमाण पेश हुनुपर्ने रु.	१२०००.००	
		५६-२०७७।३।३०	पेमा ल्हामु योल्मोलाइ २०७७।३।५ देखि ३।९ सम्म लकडाउन अवधीमा पोखरा भ्रमण गरेको देखाइ भ्रमण खर्च भुक्तानी भएकोमा खर्चको औचित्य तथा प्रमाण पेश हुनुपर्ने रु.	१००३०.००	
		गाउँपालिका चालु			
		२०-२०७६।८।६	होटल न्यु अन्नपूर्ण कागवेनीवाट रु.१८,०००।- मा ग्यास भरी वडा कार्यालयमा वितरण गरिएको भनिएकोमा उक्त ग्यास स्टोर दाखिला नभएको तथा वडा कार्यालयमा वुझ्दा प्राप्त नभएको भन्ने जानकारी भएवाट उक्त खरिद अनियमित देखिएको रु.	१८०००.००	
		३४-२०७६।१०।२९	स.ले.पा. बलेन्द्रराम हरिजन २०७६।८।३ देखि २०७६।८।७ सम्म चैले, समर ताङवे भ्रमण गर्दा कट्टा गर्नु पर्ने स्थानिय भत्ता कट्टा नगरी भ्रमण खर्च भुक्तानी भएको रु. १४२१ तथा भ्रमण वील जोडजम्मा गर्दा वढि भुक्तानी भएको रु.१००। गरी जम्मा रु.१,५२१।- असुल गर्नु पर्ने रु.	१५२१.००	
		९२-२०७७।३।१६	सहायक पाचौ यज्ञ प्रसाद गोतामे २०७६।२।४-२०७६।२।७ तथा २०७७।३।२-२०७७।३।५ सम्म साङता ,छुसाङ भ्रमण गर्दा कट्टा गर्नु पर्ने स्थानिय भत्ता कट्टा नगरी भ्रमण खर्च भुक्तानी भएको रु. १,९९३।- असुल गर्नु पर्ने रु.	१९९३.००	
		१०३-२०७७।३।२५	लकडाउनको समयमा सवारि पास वेगर स्वस्थ्य संयोजक खगेन्द्र वोहोरा तथा ले.अ. अमृत रेग्मी भ्रमण गरेको भनी क्रमशः भ्रमण खर्च भुक्तानी भएको रु. ३,८७५।-र १२,०१५।- गरी रु. १५,८९०।- असुल गर्नु पर्ने रु.	१५८९०.००	
		१२२-२०७७।३।३१	लकडाउनको समयमा सवारि पास वेगर सुचना प्रविधि अधिकृत सुर्य प्रसाद तिमिल्सिना, ले.अ. अमृत प्रसाद रेग्मी, शा.अ. शिव खड्का तथा क.अ. कास्मिर भण्डारी भ्रमण गरेको भनी क्रमशः भ्रमण खर्च भुक्तानी भएको रु.१६,६००।-, ९,४८०।-, ९,४८०।-, ७,९१०।- गरी रु. ४३,४७०।- असुल गर्नु पर्ने रु.	४३४७०.००	
		१२६-२०७७।३।३१	लकडाउनको समयमा सवारी साधन सञ्चालन नभएको अवस्थामा सवारि पास वेगर स.म.वि.नि. सावित्रा सुवेदी तथा खा.पा.स.टे. पवित्रा जि.टी. भ्रमण गरेको भनी क्रमशः भ्रमण खर्च भुक्तानी भएको रु. २,००६।-र २,००६।- गरी रु. ४,०१२।- असुल गर्नु पर्ने रु.	४०१२.००	
			जम्माः	२०३६७८.००	

सञ्चित कोष विवरण
२०७६/७७

अनुसूची-१

प्रदेशः गण्डकी (रु.हजारमा)

क्र स	स्थानीय तह	जिल्ला		आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाट	आन्तरीक आय	अन्य		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५	६ (२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
१.	बागागुङ मुक्तिक्षेत्र गाउँपालिका	मुस्ताङ्ग	४२३९८	१८७३६१	२५१२१	१७२३	५९०३	२२०१०८	९८४६७	६१२२१	६४५८	१६६१४६	९६३६०

अनुसूची-२

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७६/७७

(रु.हजारमा)

सि.नं.	जिल्ला	स्थानीय तह	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्योट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	मुस्ताङ्ग	बागागुङ मुक्तिक्षेत्र गा.पा.	३९	३०	१५९५१	०	०	०	३९	३०	१५९५१	७०९	२९५९	८९८३	०	०	११९४२	०	३३००	३३००

अनुसूची-३

अद्यावधिक बेरुजू स्थिति
२०७६/७७

(रु.हजारमा

क्र.स.	स्थानीय तह	जिल्ला	गत वर्षसम्मको बाँकी	यो वर्ष फछ्र्योट	बाँकी	यो वर्ष सम्परीक्षणबाट कायम	यो वर्षको बेरुजू	कुल बाँकी बेरुजू
१	बागागुङ मुक्तिक्षेत्र गाउँपालिका	मुस्ताङ्ग	११७७८	०	११७७८	०	१५९५१	२७७२९